# नेपाल ग्रामीण विकास समाज केन्द्र (NRDSC)
# एक परिचय

नेपालका ग्रामीण तथा शहरी क्षेत्रका विपन्न वर्गको सामाजिक, आर्थिक र बौद्धिक विकास गरी सामाजिक न्याय र स्वतन्त्रतामा आधारित समाजको निर्माण गर्ने र देशको सर्वाङ्गीण एवं समानुपातिक विकासका लागि स्थानीय जनशक्ति परिचालन गरि समुदायको सहभागीता जुटाएर बिभिन्न जनजाति र समुदायको समग्र उत्थानका लागि विकास कार्यमा सघाउ पु-याउन सर्वप्रथम नेपाल ग्रामीण विकास समाज केन्द्रको स्थापना वि. सं. २०५० कार्तिक ३ गते जि.प्र.का. मोरङमा दर्ताभै हालसम्म कार्यरत रहेको छ । यसले स्थानीय स्तरमा सम्बन्धित निकाय तथा जनताको सहभागितालाई उच्चतम प्राथमिकता दिंदै स्थानीय श्रोत तथा जनशक्ति परिचालन गरी एउटा सृजनशील समुदायको निर्माण गर्न तदारुकताका साथ आफ्नो कृयाकलापहरुलाई अगाडि बढाउँदै आएको छ ।

## परिकल्पना (vision)

विपन्न तथा पछाडि पारिएका महिला, दलित, अशक्त तथा वालवालिकाहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थालाई माथि उठाई समुदायकै समष्टिगत विकास गर्ने ।

## ध्येय (Mission)

विपन्न तथा सेवा सुविधाहरुवाट वञ्चित सम्पूर्ण वर्गको सामाजिक, आर्थिक तथा चेतनाको स्तरलाई माथि उठाई आर्थिक रुपमा आत्मनिर्भर वनाउने ।

## लक्ष (Goal)

विपन्न वर्गको जीवनस्तरमा समष्टिगत विकासगरी समुदायमा देखापरेका लैंगिक एवं जातिय विभेद जस्ता सामाजिक भेदभावलाई अन्त्य गर्ने ।

## उद्धेश्य (Objective)

- लक्षित परिवार तथा समुदायहरुको आर्थिक स्थितिमा सुधार ल्याई तिनीहरुको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने ।
- विभिन्न समुह तथा समुदायमा सहभागितात्मक विकासका क्रियाकलापहरुलाई जोड दिने ।
- समुदायलाई जिविकोपार्जनका विभिन्न अवसरहरु प्रदान गरी उनीहरुको आर्थिक स्रोत वढाउने ।
- समुदायलाई दिगो वातावरण संरक्षण तथा प्रवर्द्धन गराउने कार्यमा चेतना जगाउने ।
- समुदायको समष्टिगत विकासका लाा ग समााजिक परिचालनमा जोड दिने ।
- मानव अधिकार, महिला, वालवालिका, वृद्ध तथा अपांगहरुको हकहित तथा अधिकारका सम्बन्धमा काम गर्ने ।
- स्वास्थ्य तथा एच.आइ.भि/एड्स रोग बिरुद्ध चेतनामुलक एवं रचनात्मक कार्य गर्ने ।

## रणनीति (Strategy)

- आर्थिक विकासलाई दिगो वनाउन समुदाय स्तरमा सहभागिमूलक प्रक्रिया अपनाउने ।
- पछाडि पारिएका महिला, वालवालिका, दलित, अशक्त तथा विपन्न वर्गहरुलाई कार्यक्रममा समावेशिकरण गर्दै उनीहरुलाई आत्मनिर्भर र स्वावलम्बी वनाउँदै लैजाने ।
- समुदायलाई आयआर्जनका विभिन्न अवसरहरु प्रदान गर्न स्रोत साधनहरुको समुचित परिचालन गर्ने गराउने ।
- विपन्न वर्गको क्षमतामा अभिवृद्धि गरी समष्टिगत विकासको लागि एकिकृत रुपमा कार्यक्रमहरु संचालन गर्ने ।

- विकास संग सम्वन्धित विषयहरुमा परामर्श प्रदान गर्नकालागि स्रोत केन्द्रको रुपमा काम गर्ने ।

**संस्था स्थापनाको समयमा शुरुवात गरिएका कार्यक्रमहरु :**

**(क) सीपमूलक तालिम :**

(अ) तीन महिने सिलाईकटाई तालिम : यस केन्द्रले आ.व. २०५०।०५१ मा सुबोध अग्रवालको रु ६,००० र संस्थाका ७ जना कार्यकारिणी सदस्यहरुको आफ्नै स्रोतबाट बिराटनगर-१६ बखरी को सरदार टोलमा १ वटा सिलाई मेशिन र टंकी सिनुवारी गा.वि.स. वडा नं. ९ मा १ वटा सिलाई मेशिन गरी जम्मा २ वटा मेशिन राखी गरीव तथा बेरोजगार, सीप हाँसिल गर्न इच्छुक महिलाहरुका लागि तीन महिने सिलाई कटाई तालिम संचालन गरेको थियो । उक्त तालिमको उद्घाटन प्रमुख आतिथ्य बिराटनगर उपमहानगरपालिकाका तत्कालीन मेयर श्री अशोक कार्इरालाले गर्नु भएको थियो र सो समारोहमा तत्कालीन सांसद श्री श्यामलाल तवदारका साथै अन्य बिशिष्ट व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

(आ) दुई महिने विद्युत जडान तालिम : यस केन्द्र र स्किल नेपालको संयुक्त सहयोगमा संचालित यो तालिम बिराटनगर उपमहानगरपालिका वडा नं १६ को वखरीटोलमा भएको थियो। जसका लागि केन्द्रका कार्यकारिणी समितिका पदाधिकारीहरुले समेत उक्त कार्यक्रममा आर्थिक सहयोग तथा व्यबस्थापन गरेका थिए । यस तालिमको समापन समारोहको प्रमुख आतिथ्य तत्कालीन अर्थमन्त्री श्री भरतमोहन अधिकारीले गर्नु भएको थियो । सो समारोहमा सांसद लगायत अन्य बिशिष्ट व्यक्तिहरुको पनि उपस्थिति रहेको थियो ।सो बिद्युत जडान तालिम लिइसकेका सहभागिरुलाई पुनः विद्युत वाइरिङको तालिम दिने व्यबस्था थियो । र सो तालिम पनि स्किल नेपालको सहयोगमा संचालन भएको थियो । उक्त तालिमबाट विद्युतीय सीप हाँसिल गर्ने कुल १७ जना सहभागीहरु मध्ये १५ जनाले हालमा पनि बिभिन्न ठाउँहरुमा आफ्नो व्यबसाय संचालन गरिरहेका छन् ।

**(ख) साक्षरता तथा जनचेतना तालिम :**

(अ) बाल कक्षा : शूरुको अवस्थामा मोरंग जिल्लाको टंकीसिनवारी गा.वि.स.मा युनिसेफको सहयोगमा २ वटा बालकक्षा आ.व. २०५०/०५१ मा संचालन भएको थियो । यस कार्यक्रमको कुल वजेट रु १७,००० थियो ।

(आ) प्रौढ कक्षा : अनौपचारीक शिक्षा कार्यक्रम अन्तर्गत युनिसेफ नेपाल र प्याक्ट नेपालको सहयोगमा आ.व. २०५१/०५२ देखि लगातार मोरङ र सुनसरी जिल्लामा प्रौढ कक्षा र बाल कक्षा संचालन गरी साक्षरता र जनचेतनाको क्षेत्रमा सक्रिय भूमिका निभाएको थियो ।

(इ) महिला सचेतना तालिम : प्लान इन्टरनेशनल बिराटनगरको सहयोगमा कोशी अञ्चल अन्तर्गत सुनसरी जिल्लामा आ.व. २०५२/०५३, ०५३/०५४ र ०५४/०५५ मा गरी सुनसरीको हरिनगरा, मध्यहर्षाही, अमाहीबेल्हा, राजगंजसिनवारी, चिमडी, रामगंज बेलगछिया, सत्तेरझोडा, कप्तानगञ्ज, जलपापुर, गौतमपुर छिटाहा र मोरङको सिद्राहा, झोराहाट, अमरदह टंकीसिनवारी मा महिला सचेतना सम्बन्धी तालिम संचालन गरि समुह र बचतको बारेमा उक्त क्षेत्रका महिलहरुलाई आबश्यक जानकारी गराईनुका साथै महिला हक, अधिकारका बारेमा जागरुक बनाउन आबश्यक भूमिका निर्वाह गरेको थियो ।

(ई) मोटर रिवाइन्डीङ्ग तालिम : बिद्युत जडान तालिम लिइसकेका सहभागी युवाहरुलाई टंकीसिनुवारी गा.वि.स. वार्ड नं ४ मा मोटर रिवाइन्डिङ्ग तालिम संचालन गरिएको थियो ।

**संस्थाले हालसम्म सम्पन्न गरेका मुख्य मुख्य कार्यक्रमहरु :**

| क.सं. | कार्यक्रमको नाम | संचालन गरिएको स्थान/सहभागी गा.वि.स /न. पा. तथा संघ संस्थाहरु | लाभान्वित संख्या | सम्पन्न गरेको साल |
|---|---|---|---|---|
| १. | बिना धितो समुहमा आधारित लघुवित्त बचत कार्यक्रम | **सुनसरी जिल्ला-** ३७ गा.वि.स, ३ न. पा.<br>**मोरङ जिल्ला** - ४२ गा.वि.स., १ न.पा. | २६००० | १९९६-२००७ |
| २. | महिला जागरण तालिम | **सुनसरी जिल्ला-** देवानगञ्ज, मध्यहर्साइ, हरिनगरा, राजगञ्ज सिनवारी, अमाहिवेल्हा, चिमडी, रा० वे०, सत्तेरझोडा, कप्तानगञ्ज, जलपापुर, गौतमपुर, छिटाहा,<br>**मोरङ जिल्ला-** सिद्राहा, झोराहाट, अमरदह | ४८० | १९९५-९६ |
| ३. | महिला सचेतना तालिम | **सुनसरी जिल्ला-** देवानगञ्ज, मध्यहर्साइ, हरिनगरा, राजगञ्ज सिनवारी, अमाहिवेल्हा, चिमडी, रा० वे०, सत्तेरझोडा, कप्तानगञ्ज, जलपापुर, गौतमपुर, छिटाहा,<br>**मोरङ जिल्ला-** सिद्राहा, झोराहाट, अमरदह | २२९४ | १९९७-९९ |
| ४. | महिला जागरण तालिम | **मोरङ जिल्ला-** अमरदह, झोराहाट, सिद्राहा, टंकिसिनवारी | ५७६ | १९९९ |
| ५. | पुरुष सचेतना अभिमूखिकरण तालिम | **सुनसरी जिल्ला-**हरिनगरा, मध्यहर्साइ, अमाहिवेल्हा,राजगञ्ज सिनवारी, देवानगञ्ज, | १६३३ | १९९९ |
| ६. | अनौपचारिक शिक्षा कार्यक्रमः<br>प्रौढ कक्षा १०४<br>बाल कक्षा १०३ | **सुनसरी जिल्ला-** भलुवा, मधेशा<br>**मोरङ जिल्ला-** झोराहाट, टंकिसिनुवारी, इन्द्रपुर, अमरदह, सिद्राहा | १८९९<br>२१७६ | १९९४-९९ |
| ७.. | <u>व्यवसायिक दक्षता अभि वृद्धि तालिमः</u> | | | |
| | सिलाई कटाइ तालिम | **मोरङ जिल्ला-** टंकी सिनवारी, बि.न. उ.म.न.पा.१६ | ४३ | १९९३ |
| | विद्युत जडान तालिम | **मोरङ जिल्ला -** कदमाहा, बि.न.उ.म.न.पा.१५,१६,१७ | १८ | १९९४ - ९५ |
| | मुढा तथा हस्तकला सम्त्रन्धी तालिम | **सुनसरी जिल्ला -** अमाहिवेल्हा, चिमडी समरिया, चिमडी, देवानगञ्ज | ५० | २००३ |
| | श्रृंगार तालिम | | ५ | २००४ |

| | | | | |
|---|---|---|---|---|
| ८. | स्वास्थ्य उपचार तथा सरसफाइ कार्यक्रमः<br><br>ओ.आर.टी.तालिम | **मोरङ जिल्ला -** झापा वैजनाथपुर, झोराहाट, सिद्राहा, तेतरिया, मोतीपुर, थलाहा | २०९ | १९९९ |
| | ओ.एस.पि.कार्यशाला गोष्ठी | इलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी जिल्लाका बिभिन्न संघ/संस्थाका प्रतिनिधिहरु | २२ | १९९६-९७ |
| | एच.आई.भि./एड्स रोकथाम तालिम | **मोरङ जिल्ला**का ६५ गा.वि.सं.हरु | १५६ | १९९९ |
| ९. | उद्यमशिलता व्यबस्थापन तालिम | **सुनसरी जिल्ला -** चिमडी, देवानगञ्ज, सत्तेरझोडा, ववखिया, जलपापुर, गौतमपुर, छिटाहा, हरिनगरा, मध्यहर्साइ, राजगञ्ज सिनवारी, कप्तानगञ्ज, साहेवगञ्ज, अमाहिवेल्हा, रा०वे०, पुर्वकुशाहा, औरावनी | ६५० | १९९५-९६, २००२ |
| १०. | विपन्न महिलाहरुका लागि आत्मजागरण तथा समूह व्यबस्थापन तालिम | **मोरङ जिल्ला -** मोतीपुर, थलाहा, सिद्राहा, तेतरिया, | ६८० | २००१-२००२ |
| ११. | <u>आय आर्जन सम्बन्धी तालिम :</u><br><br><u>तरकारी खेती</u> | **सुनसरी जिल्ला -**चिमडी, अमाहिवेल्हा, रा०वे०, छिटाहा | ३५० | २००२-२००३ |
| | च्याउ खेती तालिम | **सुनसरी जिल्ला -** राजगञ्ज सिनवारी, पकली, रा०वे० | ५० | २००२-२००३ |
| | बिद्युत जडान तालिम<br>(हाउस वाइरिङ) | **मोरङ जिल्ला** - सिद्राहा | १ | २००४-२००५ |
| | स्थानिय कपडा तयारी (खडगी) तालिम | **सुनसरी जिल्ला -**अमाहिवेल्हा, चिमडी, सिमरिया, भलुवा, तनमुना, सोनापुर, | १३ | २००४-२००५ |
| | श्रृंगार तालिम | **सुनसरी जिल्ला -**हरिनगरा, सिमरिया, रांजगञ्ज सिनुवारी, चिमडी, सोनापुर तनमुना | १५ | २००४-२००५ |

| | | | | |
|---|---|---|---|---|
| १२. | गरिवी न्यूनिकरण सम्बन्धी सीप मूलक कार्यक्रम<br><br>संचालित कार्यक्रमहरु :<br>१. सवारी चालक तालिम ३<br>२. श्रृंगार तालिम ६<br>३ तरकारी उत्पादन तालिम ३५<br>४ हाउस वाइरिङ तालिम ४<br>५ पशु स्वास्थ्य सम्बन्धी तालिम ५<br>६ सिलाइ कटाई सम्बन्धी तालिम ९<br>७ अगरबत्ती बनाउने तालिम २६<br>८ पशुपालन सम्बन्धी तालिम १६<br>९ मोटरसाइकल मर्मत तालिम २<br>१० साइकल मर्मत तालिम १<br>११ मैनबत्ती बनाउने तालिम १२<br>१२ बजार व्यबस्थापन सम्बन्धी तालिम ४<br>१३ अचार, सस्, जाम बनाउने सम्बन्धी तालिम ८<br><br>१४.पक्की टहरा (सेड) निर्माण १ (शिषवनी जहदा गा.वि.स.को रामचौकमा) | **मोरङ जिल्ला -** बिराटनगर -रंगेली सडकमा पर्ने निम्न गा.वि.स. हरु :<br>कटहरी, शिषवनी जहदा, कदमाहा, सोराभाग, दादर वैरिया, थलाहा, ववियाविर्ता | १३१ घर परिवार | २००६-२००७ |
| १३.. | ट्यूवेल जडान | **मोरङ जिल्ला -** कदमाहा, अमाहिवरियाति | २४ थान/ लाभान्वीत परिवार १६८० | १९९६-९७ |
| १४. | पशुधन व्यवस्थापन तालिम | **सुनसरी जिल्ला** -सत्तेरझोडा, देवानगञ्ज, चिमडी | ५० | २००३ |
| १५. | मातृ शिशु स्याहार | **मोरङ जिल्ला**का विभिन्न गै.स.स. तथा गा.वि.स. प्रतिनिधिहरु समेत | ३० | १९९५ |
| १६. | मोटर रिवाइल्डिङ तालिम | **मोरङ जिल्ला -** कदमाहा | १३ | १९९५ |
| १७. | ग्रामीण महिला पशु स्वास्थ्य तालिम | **सुनसरी जिल्ला-** चिमडी, देवानगञ्ज, हरिनगरा, सिमरिया, छिटाहा, रा०वे०, पूर्वकुशाहा, झुम्का, इटहरी<br>**मोरङ जिल्ला-** सिद्राहा, झोराहाट, मोतीपुर | ३० | २००३ |

उक्त कार्यक्रमहरुको संचालनमा प्लान नेपाल, प्याक्ट नेपाल, युनिसेफ, स्किल नेपाल, युएनडिपि, रेडक्रस, क्यारिटस नेपाल, एडिवि, आरएमडिसि, खानेपानी तथा आपूर्ति शाखा जस्ता दातृ संस्थाहरुको सहयोग प्राप्त भएको थियो ।

**लघुबित्त कार्यक्रम संचालन :**

**(क) कार्यक्रमको औचित्य :**

नेपालमा सामाजिक, साँस्कृतिक, आर्थिक, तथा कानुनी तत्वहरुले महिलाको न्यून हैसियत उजागर गर्छ । शिक्षा, स्वास्थ्यसेवा, महिलाको असमान पहुँच, लामो समय सम्म काम गर्नुपर्ने बाध्यता र उत्पादनमूलक स्रोत, साधन तथा सामुदायिक गतिविधिबाट महिलाहरुलाई वाहिर राख्ने प्रवृत्तिले ग्रामीण गरीवीको लैङ्गिक आयाम झल्काउदछ । स्रोत, साधन र अवसरको पहुँचमा ग्रामीण महिलाहरु बञ्चित हुन पुगेकाछन् र समाजले उनीहरुमाथि सदियौं देखि भेदभाव गर्दै आएको छ । यसको प्रमुख कारक तत्व भनेको महिलाहरु आफ्नो कानुनी अधिकार र अवसर प्रति सचेत नहुनु हो । यसका साथै वित्तिय स्रोत-साधनमा पनि महिलाको नियन्त्रण उल्लेख्यरुपमा सीमित रहेको छ । महिलाहरुमा आत्म बिश्वासको कमीले पनि उनीहरुको सहभागितालाइ अवरुद्ध तुल्याएको छ भने न्यून सामाजिक हैसियतका कारणपनि उनीहरु घर र समुदाय भित्र अपमानित हुन बाध्य भएकाछन् ।

**(ख) कार्यक्रमको शुरुवात :**

शुरुका दिनहरुमा विपन्न र पछाडिपारिएका ग्रामीण क्षेत्रका बासिन्दाहरुलाई अनौपचारीक साक्षरता कार्यक्रम,ओआरटी कार्यशाला, खानेपानी तथा सरसफाई, महिला सचेतना, समूह वचत तथा ऋृण कार्यक्रम,ओएसपी कार्यशाला, ट्यूववेल कार्यक्रम, सीप विकास कार्यक्रम, एचआईभी एड्स तालिम, सेमीनार, गोष्ठी, वाल अधिकार, प्रारम्भिक वाल विकास जस्ता कार्यक्रम संचालनमा ल्याइनुका साथै ग्रामीण महिलाहरुलाई प्लान नेपालको आर्थिक सहयोगमा वचत गर्न प्ररित गर्न र बचतकै रकमबाट समूह भित्रै कर्जा बितरण गर्ने कार्यको शुरुवात भयो । समुह सदस्यहरुमा आएको जागरणले ती समुह आफैले तालिममा दिईएको खाजा खर्चबाट बचाई रु ५ देखि रु १० प्रति सदस्यका दरले बचत गर्ने बानीको शुरुवात भएको थियो ।

समाजमा वृहत्रुपले फैलिएको असमानता र विभेदपूर्ण पद्धतिले उपेक्षित हुन पुगेका यिनै विपन्न महिलाहरुलाई त्यसमापनि ग्रामीण भेगका यी महिलाहरुलाई माथि उकास्ने प्रयासमा यस संस्थाले सन १९९७ देखि सुनसरी जिल्ला अवस्थित शाखा कार्यालय देवानगञ्जबाट उक्त लघुवित्त कार्यक्रमको शुरुवात गरेको हो । कर्जाको हकमा कार्यक्रमको शुरुवातको समयमा सदस्यहरुलाई प्रति व्यक्ति बढीमा रु ५०० सम्म उपलब्ध गराउँदै आएको यस संस्थाले हालमा आएर आफ्ना सदस्यहरुलाई प्रति व्यक्ति रु ४०,००० सम्म ऋृण दिन सक्ने भएका छन् । यो कार्यक्रमको प्रभावले ग्रामीण महिलाहरुको आत्मजागरणमा उल्लेख्यस्पमा बृद्धिभै शिक्षा, स्वास्थ्य, कृषि, लघु उद्योग तथा स्वरोजगार जस्ता सवै क्षेत्रहरुमा महिलाहरुको पहुंच बढ्न थाले छ ।

**(ग) संस्थालाई लघुबित्त कार्यक्रम संचालन गर्ने अनुमति प्राप्त :**

शुरुका दिनहरुमा सदस्यहरुलाई बचत गर्ने बानी बसाउन यातायातको पुरै असुबिधा तथा साधनहरुको कमीको बावजुद पनि यो कार्यक्रमलाई संचालनमा ल्याइएको हो । कर्मचारीहरुकालागि कार्यक्रम संचालन गर्न पैदल हिड्न बाहेक अन्य विकल्प थिएन । संस्थाका कर्मचीहरु तोकिएको समयमा समूह सदस्यहरु कहाँ पुगी बचत तथा कर्जा कार्यक्रमलाई पछिसम्म निरन्तरता दिने कार्य भै रह्यो । संस्थाको निरन्तर प्रयासले मिति ०५७/०२/२३ मा नेपाल राष्ट्र बैंक काठमाण्डौंबाट यस संस्थालाई बित्तिय मध्यस्तकर्ताको काम गर्ने अनुमति प्राप्त भयो । फलस्वरुप मिति ०५७ माघ १ देखि यस संस्थाले औपचारिक रुपमा लघुबित्त कार्यक्रम संचालन गरी संस्थालाई दीगो र आत्मनिर्भर बनाउने प्रयासको शुरुवात भयो ।

महिलाहरुले पर्दामा बस्नुपर्ने र उनीहरुले घर वाहिर निस्कन नहुने जस्ता परम्परागत मुल्य, मान्यता र कुसंस्कारले जरा गाडीसकेका त्यस दुर्गम तथा विकट क्षेत्रका समुदायका ती महिलाहरुलाई लघुवित्त कार्यक्रममा समावेश गराउनु ज्यादै चुनौतीपूर्ण कार्य थियो तापनि संस्थाले कार्यक्रमलाई दिएको निरन्तरताको फलस्वरुप आज ती क्षेत्रका महिलाहरु आर्थिक क्षेत्र लगायत महिलाको हक र अधिकारका वारेमा विभिन्न सभा, गोष्ठी तथा सेमीनारमा उपस्थितभै आफनो आवाजलाई वुलंद गर्न सकिरहेका छन् । तसर्थ दर्गम क्षेत्रका त्यसमा पनि पछाडि पारिएका ती महिलाहरुमा आएको यो परिवर्तनले लघुवित्त क्षेत्रमा काम गर्ने सम्पूर्ण कर्मचारीहरुकै लागि गौरवको बिषय बनेको छ ।

**संस्थाले संचालन गरेको लघुबित्त कार्यक्रम वैंकमा रुपान्तरण :**
संस्थाले संचालन गरेका कार्यक्रमहरु मध्ये लघुबित्त कार्यक्रमले ठूलो आकार लिंदै गएको र यसको सुरक्षित अवतरणका लागि लघुबित्त बिकास बैंकको रुपमा परिणत गरी सुसंचालन गर्नु बाञ्छनीय देखिएकोले यस संस्थाको अगुवाइमा बैंक स्थापनाका लागि भएको प्रयासको फलस्वरुप नेपाल राष्ट्र बैकबाट " घ " वर्गको कारोवार गर्ने इजाजत प्राप्त नेरुडे लघुबित्त विकास बैंक लिमिटेड नामक बैंकको स्थापना भै मिति २०६४ आषाढ १ गते देखि संस्थाको कारोवारपनि बैंकमा हस्तान्तरण गरिएको छ । उक्त बैंकको शेयर पूंजीमा संस्थाको हिस्सा सबैभन्दा धेरै रहेको बुझिएको छ । संस्थामा काम गरिरहेका जनशक्ति, सम्पत्ति र दायित्व समेत सो बैंकमा हस्तान्तरण गरिएपछि हाल बैंकको मोरङ, सुनसरी र झापा मा गरी २३ वटा शाखा/उपशाखा, ३ वटा इलाका कार्यालय र १ वटा केन्द्रीय कार्यालय समेत गरी जम्मा २७ वटा कार्यालय रहेको बुझिएको छ ।

**संस्थाको निजि भवन :**
यस संस्थाले आफनो निजी जग्गामा करिब १ करोडको लगानीमा आफनै भवन निर्माण गरी उक्त भवनको प्रथम तला नेरुडे लघुत्रित्त विकास बैंकलाई भाडामा दिई सो बाट पनि संस्थाले निश्चित रकम आर्जन गरिरहेको छ ।

**संस्थाको विधान तथा नियमावली ::**
२०५० सालको विधान अनुशार जिल्ला प्रशासन कार्यालय मोरंगमा विधिवत दर्ता गरिएको यो संस्थाको विधानलाई परिवर्तित सन्दर्भमा प्रथम पटक २०६१ सालमा विधानमा परिमार्जन गरिएको छ । संस्थाको आफनो छुट्टै आर्थिक तथा प्रशासनिक नियमावली हुनुका साथै संस्थाको दैनिक कार्य संचालन गर्नका लागि १ जना कर्मचारीको व्यबस्था पनि गरेको छ ।

**संस्थाको साधारणसभा तथा कार्यसमितिको चयन :**
हाल सम्म १५औं साधारण सभा सम्पन्न गरिसकेको यस संस्थाले चौथो पटक सम्म कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुको चयन गर्ने काम गरिसकेको छ । स्मरणीय छ यस संस्थाले प्रत्येक ५ वर्षमा कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुको चयन गर्ने गरेको छ ।

**संस्थाको स्थापना कालदेखि हाल सम्मका कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु :**

**पहिलो कार्यकाल** **(मिति ०५०।०७।०३ देखि ०५४।०१।१४ सम्म)**

| | | |
|---|---|---|
| १. | श्री मणी कुमार अर्ज्याल | सभापति |
| २. | श्री भुवनेश्वर मण्डल | उपसभापति |
| ३. | श्री ऋषि राम अर्याल | महासचिव |
| ४. | श्रीमति गायत्री अर्ज्याल | कोषाध्यक्ष |
| ५. | श्री हरि प्रसाद पोखरेल | सदस्य |
| ६. | श्री विजय कुमार शर्मा | सदस्य |
| ७. | श्री अनिल कुमार श्रेष्ठ | सदस्य |

सल्लाहकार सदस्य :
१. डा. श्री केशव प्रसाद मल्ल
२. प्रा. श्री प्रकाश पोखरेल

**दोश्रो कार्यकाल** **(मिति ०५४।०१।१५ देखि ०५७।१२।१५ सम्म)**

| | | |
|---|---|---|
| १. | श्री मणी कुमार अर्ज्याल | सभापति |
| २. | श्री भुवनेश्वर मण्डल | उपसभापति |
| ३. | श्री उद्धव प्रसाद शर्मा | महासचिव |

| | | |
|---|---|---|
| ४. | श्रीमति गायत्री अर्ज्याल | कोषाध्यक्ष |
| ५. | श्री हरि प्रसाद पोखरेल | सदस्य |
| ६. | श्री विजय कुमार शर्मा | सदस्य |
| ७. | श्री अनिल कुमार श्रेष्ठ | सदस्य |

**तेश्रो कार्यकाल** **(मिति ०५७।१२।१६ देखि ०६३।०१।२२ सम्म)**

| | | |
|---|---|---|
| १. | श्री मणी कुमार अर्ज्याल | सभापति |
| २. | श्री भुवनेश्वर मण्डल | उपसभापति |
| ३. | श्री उद्धव प्रसाद शर्मा | महासचिव |
| ४. | श्री शिव कुमार राय | कोषाध्यक्ष. |
| ५ | श्री फनिलाल चौधरी | सदस्य |
| ६. | श्री हरि प्रसाद पोखरेल | सदस्य |
| ७. | श्री विजय कुमार शर्मा | सदस्य |

**चौथो कार्यकाल तथा बर्तमान कार्यसमितिका पदाधिकारीहरु** **(मिति ०६३।०१।२३ देखि हाल सम्म)**

| | | |
|---|---|---|
| १. | श्री मणी कुमार अर्ज्याल | सभापति |
| २. | श्री भुवनेश्वर मण्डल | उपसभापति |
| ३. | श्री उद्धव प्रसाद शर्मा | महासचिव |
| ४. | श्री हरि प्रसाद पोखरेल | कोषाध्यक्ष |
| ५ | श्री सुरेन्द्र राज भट्टराई | सदस्य |
| ६. | श्रीमति पम्फा शर्मा | सदस्य |
| ७. | श्री चिरञ्जिवि प्रसाद घिमिरे | सदस्य |

**संस्थाका साधारण सदस्यहरु :**

१) डा.श्री भेष प्रसाद धमला
२) श्रीमति गायत्री अर्ज्याल
३) श्रीमति मीरा अर्ज्याल
४) श्रीमति मोनिका रिजाल
५) श्रीमति मुक्ता खनाल
६) श्रीमति मनिषा खनाल
७) श्री कृष्ण कुमार पोखरेल
८) श्री राजिव अर्ज्याल
९) श्री मनमोहन उपाध्याय
१०) श्री फणिन्द्र राज अधिकारी

**संस्थाको भावी योजना तथा कार्यक्रम :**

- बिभिन्न दातृ निकाय तथा सहयोगी संस्थाहरुको सहयोगमा विभिन्न जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।
- बिपन्न तथा छायाँमा परेका वर्गहरुलाई लाभ पुग्ने किसिमका विभिन्न आयमूलक कार्यक्रमहरु संचालन गर्ने ।
- स्थानिय स्तरका समुदायमा कार्यरत विभिन्न संघासंस्थाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिबुद्धि गराउने खालका बिभिन्न तालिमहरु संचालन गर्ने ।

**हाल संस्थाले सहकार्यकालागि पहल गरिरहेका स्थानिय निकाय तथा दातृ संस्थाहरु :**

- जिल्ला विकास समिति, मोरङ
- विराटनगर उपमहानगरपालिका
- प्लान नेपाल , बिराटनगर
- वर्ल्ड भिजन, बिराटनगर
- हिफर इन्टरनेशनल, काठमाण्डौं ।
- NGCPP, बिराटनगर ।